नेपाल सरकार
# राष्ट्रिय भूमि आयोग
(प्रशासन शाखा)

☎ ०१-५३१३९३२
५३१३९३५
५३१३९३६
टोल फ्री नं.: १६६००१३५४४४
वेबसाइट : www.nlc.gov.np
इमेल: info@nlc.gov.np

ताहाचल, काठमाडौं ।

पत्र संख्या :- २०८०/०८१
चलानी नं. :- (प्र.शा.) ४३८

विक्रम संवत् २०८०/११/०१
नेपाल संवत् ११४४ सिल्लाध्व ४

श्री स्थानीय तहहरू,
सबै।

**विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।**

प्रस्तुत विषयमा मिति २०८०।११।०१ गते बसेको राष्ट्रिय भूमि आयोगको बैठकबाट 'नेपाल सरकारले भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन गर्न गठन गरेको यस आयोगले 'कार्य सहमति पत्र'मा हस्ताक्षर गरी स्थानीय तहहरूको सहकार्यमा आफ्नो काम अगाडि बढाइरहेको सन्दर्भमा कामलाई व्यवस्थित, प्रभावकारी र परिणाममुखी बनाउन भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको लगत संकलन गर्ने सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ को उपदफा (१) बमोजिमको स्थानीय तहस्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति र उपदफा (२) बमोजिमको वडास्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन नगरेको भएमा तत्काल गठन गर्न र गठन भएका सबै समितिहरूको विवरण जिल्ला समितिमार्फत यस आयोगमा उपलब्ध गराउन, नापनक्सा लगायत फिल्डका कार्यहरू गर्न आवश्यक स्रोत साधन तथा जनशक्तिको प्रबन्ध गर्न र कार्य सहमति पत्रमा स्थानीय तहले गर्नुपर्ने भनी उल्लेख भएका कार्यहरू कार्यान्वयन गरी कामलाई तीव्रतापूर्वक सम्पन्न गर्न सहयोग गर्न सबै स्थानीय तहहरूलाई पत्राचार गर्ने' निर्णय भएको हुँदा सोही अनुसार गर्नु/गराउनु हुन आदेशानुसार अनुरोध छ।

(कविता फुयाँल)
उपसचिव

**बोधार्थः**
श्री राष्ट्रिय भूमि आयोग, जिल्ला समिति (सबै):- *आवश्यक समन्वयका लागि।*